लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
नेपालगंज, बाँके

पत्र संख्याः ०८०।८१
सुचना नं.: ४

मितिः २०८०/०९/०९

## प्रस्ताव आव्हान सम्बन्धि सूचना

प्रथम पटक सुचना प्रकाशित मितिः २०८०/०९/०९

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,बाँकेको आर्थिक बर्ष २०८०/८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि तथा पशुपन्छी बिकास कार्यक्रमा सहभागी हुन इच्छुक आवदेकले सूचना प्रकाशित भएको मितिले १० दिन भित्र ( मिति २०८०/०९/१८ गते सम्म ) यस कार्यालय समयमा आवश्यक कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सवैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संलग्न गर्नु पर्ने कागजात संचालन कार्यविधि यस कार्यालयको सूचनापाटी वा वेवसाइट www.banke.vethos.gov.np बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क न ०८१-५३०२५४ मा सम्पर्क गर्न सकिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

## तपशिल

| क्र. स. | कार्यक्रम | न्यूंनतम मापदण्ड | संचालन गर्न सकिने क्रियाकलापाहरु | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | आवदेकको किसिम | अनुदान (सिमा रकम/प्रतिशत) |
|---|---|---|---|---|---|---|
| १. | लक्षित समुदाय विशेष आय आर्जन कार्यक्रम | • कार्यालयले उपयुक्त स्थान छनोट गरी लक्षित समुदायको मागको आधारमा बाली/बस्तु पहिचान गर्नु पर्नेछ,<br>• लक्षित बर्ग विशेष आर्थिक रुपमा विपन्न गरिव घरपरिवार परिचय प्राप्त व्यक्ति,मुक्त कमैया/कम्लहरी, | • बालि/वस्तु उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी कार्यक्रम संचालन गर्नुपर्ने ।<br>• तालिम तथा सचेतना । | बाँके जिल्ला | लक्षित बर्ग सम्बन्धी कार्य गर्ने सघं संस्था | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी संचालन गर्ने,<br>• प्रति परिवार अधिकतम रु. ५० हजार बरावरको बस्तुगत सहयोग उपलब्ध गराउन सक्नेछ । |

कमल चन्द
अधिकृत छैठौं

कमला अधिकारी
प्रमुख
बरिष्ठ मत्स्य विकास अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | भूमिहीन, मुसहर, चिडिमार, पासी, मंगता नटुवा, गडरिया, बादी, बोटे, माझी, किङगरिया, कुचबन्धिया, खुना, कुमाल आदि सिमान्तकृत बर्गलाई प्राथमिकता दिनुपर्ने,<br>• लक्षित समुदायमा प्रति घरधुरी १०० कुखुरा, बाखा/बंगुरको हकमा ३ वटा पाठापाठीका दरले कम्तीमा २० जना घरधुरी समावेश गरी कार्यक्रम संचालन हुनुपर्ने,<br>• कार्यालयले चौथो तहका प्राविधिकहरुलाई परिचालन गरी सामाजिक परिचालन, प्राविधिक परापर्श/सेवा दिनुपर्ने । | | | | |
| १. | पोषण सुधारको लागि ग्रामिण कुखुरा पालन कार्यक्रम | • सरोकारवालको समन्वयमा विपन्न समुदाय (दलित, महिला, मुक्त कमैया, पिछडा वर्ग, जनजाति र अन्य) मा प्राथमिकता दिई स्थान र कृषकको छनोट गर्ने,<br>• कुखुरापालनको कहमा कम्तिमा २५ जना कृषकहरुको समूह भएको गाउँ नै उत्पादन कलष्टर हुन | क) खोर सुधार वा निर्माण,<br>ख) पोषण आहारा व्यवस्थापन,<br>ग) खोप र उपचार,<br>घ) चल्ला वितरण,<br>ङ) तालिम,<br>च) दाना पानीका भाँडा,<br>छ) परजिवि नियन्त्रण, | बाँके जिल्ला | समुह/सहकारी/ समिती | • कार्यालयले लागत अनुमा सहितको कार्ययोजना स्वीकृत गरी संचालन गर्ने,<br>• पूर्वाधार निर्माणमा ७५ प्रतिशत र अन्य उत्पादनमूलक क्रियाकलापमा शत प्रतिशत अनुदान । |

कमल चन्द
अधिकृत छैठौं

कमला अधिकारी
प्रमुख
बरिष्ठ मत्स्य विकास अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गरी संचालन हुनु पर्ने,<br>• कुखुराको हकमा प्रति कृषक ५० वटा ६ हप्ता हुर्किएको कुखुराको चल्ला वितरण गर्नु पर्ने।<br>• कार्यालयकले चौथो तहका प्राविधिकहरुलाई परिचालन गरी सामाजिक परिचालन, प्राविधक परापर्श/सेवा दिनुपर्ने।<br>• अनुसुची ३३ बमोजिम गर्ने । | | | | |

<u>संलग्न गर्नु पर्ने कागजातहरु</u>

१. निवेदन
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समुह/सहकारी/सघ संस्था / समिति) ।
३. स्थायी लेखा नम्बर प्रमाण – पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक तथा कृषक समुहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने) ।
५. कार्यक्रम संचालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार अनुसुचि ३८ बमोजिम) ।
६. सम्वन्धित स्थानीय तहको सिफारिस पत्र ।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।

कमल चन्द
अधिकृत छैठौं

कमला अधिकारी
प्रमुख
बरिष्ठ मत्स्य विकास अधिकृत